प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# कर्णाली प्रदेश कार्यालय

वीरेन्द्रनगर,सुर्खेत

## प्रि-डिप्लोमा तथा डिप्लोमा/प्रमाणपत्र तहको वर्गिकृत (निःशुल्क) छात्रवृती तर्फका स्वास्थ्य वाहेकका कार्यक्रमहरुको प्रशिक्षार्थी छनोटको योग्यताक्रम सूची प्रकाशन गरिएको सम्वन्धी अत्यन्त जरुरी सूचना।

**(सुचना प्रकाशन मिति २०८२।०४।३१)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद, परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरको मिति २०८२।०३।२२ गते तथा २०८२।०४।११ गते प्रकाशित सूचना अनुसार प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका वगीकृत (निःशुल्क) छात्रवृती तर्फका स्वास्थ्य वाहेकका कार्यक्रममा अध्ययनको लागि तोकिएको म्याद भित्र रितपूर्वक पर्न आएका अनलाइन आवेदन फाराम मध्ये प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनोट छात्रवृती वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०८२ वमोजिम रुजु गरी एस.एल.सी./एस.ई.ई.को नतिजामा प्राप्त अङ्क/जी.पी.ए. र समुदायिक विद्यालयका आधारमा स्वीकृत कार्यक्रमहरुको वर्ग र कोटामा योग्यताक्रमानुसार मिति २०८२/०४/२९ गतेको निर्णय वमोजिम मुख्य उम्मेदवार तथा वैकल्पिक उमेदवारको योग्यताक्रम र रद्ध गरिएका आवेदकहरुको सूचि समेत प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। मुख्य उम्मेदवारको रुपमा छनौट भई भर्नाका लागि सिफारिस भएका उम्मेदवारहरु मिति २०८२।०५।०८ गते कार्यालय समय भित्रमा आफ्नो Application Acceptance Card योग्यताक्रम सूचीको प्रति, शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र, नागरिकता वा जन्मदर्ता प्रमाणपत्र, छनौट भएको लक्षित वर्गको सक्कल प्रमाणपत्र र पासपोर्ट साइजको फोटो सहित तोकिएको शिक्षालयमा भर्ना हुन जानकारी गराइन्छ। सम्वन्धित शिक्षालयले यसै सूचनालाई आधार मानी भर्ना सम्बन्धी निर्देशिका २०८२ र सूचनामा उल्लेख भए बमोजिम उम्मेदवारहरुले पेश गरेका सक्कल प्रमाणपत्र र कागजातहरु शिक्षालयका प्राचार्यले रुजु गरेर मात्र भर्ना गराउनु हुन अनुरोध छ।पेश गरेका कागजात फर्जी प्रमाणित भए जुनसुकै बखत पनि भर्ना स्वतः रद्ध हुनेछ। साथै भर्नाका लागि तोकिएका शिक्षालयका कार्यक्रमहरुमा भर्ना हुन तोकिएको अन्तिम मिति सम्ममा भर्ना हुन नआएका उम्मेदवारहरुको जानकारी परिषद्, कर्णाली प्रदेश कार्यालयको इमेल ठेगना ctevt.karnali@gmail.com मा अनिवार्य रुपमा भर्ना सम्बन्धी निर्देशिकाको दफा १८ वमोजिम ३ दिन भित्रमा लिखित जानकारी गराउनु पर्नेछ । योग्यताक्रम सूचीको वृस्तित विवरण प्रदेश कार्यालयको Website: www.ctevtkarnali.org.np र परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको Website: www.ctevtexam.org.np हेर्न सकिनेछ ।

**का.मु. निर्देशक**